# प्रेमको शक्ति

आफ्नो सन्तानहरु प्रतिको **प्रेम**ले हाम्रो **पिता**लाई **कार्य** गर्न **उत्प्रेरित** गऱ्यो र उहाँले आफ्नो पुत्रलाई पापको ज्याला तिर्न र उहाँका सन्तानहरुलाई उद्धार गर्न पठाउँनुभयो ।

परमेश्वरले संसारलाई यस्तो **प्रेम** गर्नुभयो . . . कि उहाँले आफ्नो एकमात्र पुत्रलाई **दिनुभयो** यूहन्ना ३:१६

परमेश्वर पिताले उहाँको पुत्र येशूलाई **प्रेम** गर्नुहुन्छ (यूहन्ना ३:३५ र ५:२०) र येशूले पनि आफ्नो पितालाई यति प्रेम गर्नुहुन्छ कि उहाँले सबै थौक दिनुभयो, यहाँसम्म कि आफ्नो जीवन पनि परमेश्वरका लागि **उहाँका सन्तानहरु**लाई प्राप्त गर्न **आफ्नो स्वयं रगत** बगाउँनुभयो । (प्रकाश ५:९)

१ पत्रूस १:१८–१९ तिमीहरु जान्दछौ, कि आफ्ना पितापुर्खाबाट आएका व्यर्थका कुराहरुदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरुद्धारे दाम तिरी तिमीहरु छुट्ट्याइएका होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो खीष्टको अनमोल रगतद्धारा दाम तिरी छुट्ट्याइएका छौ ।

र तिरिएको मूल्यले, **उहाँका सन्तानहरुको महत्व** र हाम्रा पिता र येशूले **हामीलाई** कति धेरै **प्रेम** गर्नुहुन्छ भनेर देखाउँछ । हामी प्रेमको परिवार हौं ।

**प्रेम**ले हाम्रो **पिता**लाई **कार्य** गर्न लगायो

**प्रेम**ले येशूलाई **कार्य** गर्न लगायो र उहाँलाई **मिसन** दियो

लूका १०:१० ...हराएकाहरुलाई खोज्न र बचाउँन –>मानिस !

यो मिसनको लागि येशूले ठूलो मूल्य चुकाउँन पऱ्यो !!

र उहाँले प्रेम गर्नुभएको र प्राप्त गर्नुभएको कुराको मूल्य बताउँनुभयो ।

परमेश्वर प्रेम हुनुहुन्छ र उहाँले/तिनीहरुले गर्ने सबै कुरा **प्रेममा** सुरु हुन्छ ।

यो प्रेमले **निश्चय पनि हामीहरुको हृदयहरुलाई पक्रि राख्नुपर्छ** र **हामीलाई कार्य** गर्न **लगाउँनुपर्छ** ।

२ कोरिन्थी ५:१४–१५ खीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ,किनभने हामीलाई यो निश्चय छ कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे । उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरु

अब उसो आफ्नै निम्ति बाँच्ने  होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरुका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।

- * συνέχω बाध्य गराउँन प्रतिकात्मक रुपमा समात्नु वा पक्रनु
- जब हामी यो **प्रेम**लाई **पूर्ण रुपमा बुझ्छौं** तब हामी **आफ्नोलाई ज्यूनेछैनौ, तर उहाँका लागि जो हाम्रो लागि मर्नुभयो र हाम्रो लागि फेरि बौरि उठ्नुभयो ।**
- र हामी मानिसहरुलाई उहाँले जसरी **प्रेम** गर्नुभएको थियो त्यसरी नै उनीहरुलाई **प्रेम** गर्नेछौं ।
  उहाँले सबै थौक त्याग्नुभयो र उहाँ दास बन्नुभयो फिलिप्पी २
- जति हामी **उहाँले हामीलाई कति प्रेम** गर्नुहुन्छ भन्ने बारे बुझ्दै जान्छौं त्यति नै हामी **उहाँलाई प्रेम** गर्नेछौं । हामी उहाँलाई प्रेम गर्छौं किनभने उहाँले पहिले हामीलाई प्रेम गर्नुभयो   १ यूहन्ना ४:१९

अनि मात्र त्यो महान् प्रतिज्ञा पूर्ण रुपमा पालन गरिनेछ :

गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन चाहिँ हो ? र उहाँले तिनलाई भन्नुभयो, तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू । महान् र प्रथम आज्ञे यही हो । दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू ।    मत्ती २२:३६–३९

महान् आज्ञा पालन गर्नाले हामीलाई येशूसँग भएको जस्तै महान् कार्य दिइनेछ :

१ तिमोथी १:५ हाम्रो आज्ञाको लक्ष्य प्रेम हो, जो शुद्ध हृदय, असल विवेक र निष्कपट विश्वासबाट आउँछ ।

१ यूहन्ना ४:७–८ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ ।(हामी अरुलाई कति प्रेम गर्छौं त्यसले हामीलाई हाम्रो पिताको हृदयलाई हामीले कति चिनेका छौं भनेर देखाउँदछ) प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।

लूका १०:१–३ यसपछि प्रभुले अरु सतरी जनालाई नियुक्त गर्नुभयो,(उहाँले अब **तपाईलाई** आफ्नो सेवकको रुपमा बोलाउँनुभएको छ र नियुक्त गर्नुभएको छ ) र आफू जान लाग्नुभएको हरेक सहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरुलाई दुई दुई जना गरी पठाउनुभयो । उहाँले तिनीहरुलाई भन्नुभयो, फसल त प्रशस्त छ, तर खेतालाहरु थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतलाहरु पठाइदेऊन् । ३ जाओ . . .

- येशूमा यो जूनुन् मानिसहरुका लागि छ, जुन प्रेमबाट उत्प्रेरित भएको छ ।

१७ ती सत्तरी जना आनन्दसाथ फर्केर आई यसो भने, प्रभुज्यू, तपाईको नाउँमा भूतहरु पनि हाम्रा वशमा आउँछन् । १८ उहाँले तिनीहरुलाई भन्नुभयो, मैले शैतानलाई स्वर्गबाट बिजुलीझैँ खसिरहेको देखें । १९ मैले तिमीहरुलाई सर्पहरु र बिच्छीहरु कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु, र कुनै कुराले तिमीहरुलाई हानि गर्नेछैन । २० तापनि दुष्टात्माहरु तिमीहरुको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरुका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ ।

२५ व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खडा भए, र यो प्रश्न गरे, गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ ? २६ उहाँले तिनलाई भन्नुभयो, व्यवस्थामा के लेखिएको छ ? तिमीले के पढयौ ?२७ तिनले भने, तैले परमप्रभु, आफ्नो परमेश्वरलाई आफ्नो **सारा** हृदयले, आफ्नो **सारा** प्राणले, आफ्नो **सारा** समझले र आफ्नो **सारा** मनले प्रेम गर र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर । २८ उहाँले तिनलाई भन्नुभयो, तिमीले ठीक जवाफ दियौँ । **त्यसै गर,** र तिमी जिउनेछौ ।

- मानिसले यो गर्न सक्ने एकमात्र उपाय भनेको **परमेश्वरबाट हो जो** उनीहरुको हृदयमा **प्रेम हुनुहुन्छ** र
- १ यूहन्ना ४:७–८ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौँ, किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ । प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।

२९ **तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर** येशूलाई भने, मेरो छिमेकीचाहिँ को हो त ?

- हामीले आफैलाई कति पटक धर्मि ठहराएकाछौँ ? “उनीहरुले भने. . . ” उहाँले गर्नुभयो ...

३० येशूले जवाफ दिनुभयो :

एक जना मानिस यरुशलेमबाट यरीहोतिर जाँदैथियो । त्यो डाँकूहरुको फेला पऱ्यो । तिनीहरुले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोडेर गयो ।

- १ यूहन्ना ४:७–८ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौँ, किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ । प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।
- डाँकूहरुलाई **मानिसहरु प्रति प्रेम थिएन,** तसर्थ **परमेश्वर प्रति पनि प्रेम थिएन ।**

- **मानिसहरुको कुनै मूल्य थिएन ।** उसको लूगाहरु र पैंसा मानिसको ज्यन भन्दा पनि ज्यादै मूल्यवान् थियो । यसले संसारमा भएका प्राय मानिसहरुलाई जनाउँदछ र दुखका साथ भन्नुपर्दा . . . धेरै विश्वासीहरुलाई
- ती डाँकूहरुलाई प्रेम गर्न र उनीहरुलाई परमेश्वर पिता र येशूले कति प्रेम गर्नुहुन्छ भन्ने बारे बताउँन निम्ति कोही चाहिन्छ । उनीहरु फेरि नयाँ गरी जन्मिनुपर्छ ताकि उनीहरुले परमेश्वरलाई चिनुन् जो प्रेम हुनुहुन्छ र उनीहरु कति मूल्यवान् छन् – र सबै मानिसहरु प्रभुको लागि कति मूल्यवान् छन् भनेर जान्न. . . र उनीको जीवन परिवर्तन गर्न ।

३१ संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टी तर्केर गयो ।

- पूजाहारी र लेवीहरुले संसारका थुप्रै धार्मिक अगुवाहरुलाई प्रतिनिधित्व गर्छ । उनीहरु भन्छन् कि उनीहरु परमेश्वरलाई प्रेम गर्छन् र कोहीले चाहिँ मानिसहरुलाई प्रेम गर्छन् भन्छन् ।
- १ यूहन्ना ४:७–८ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ । प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।
- संसारमा भएका धेरै धर्महरुले भन्छन् कि उनीहरु परमेश्वरलाई प्रेम गर्छन् तर उनीहरु तर्किएर जान्छन्, वा यो भन्दा पनि नराम्रो, डाँकूहरुले जस्तै मानिसहरुलाई व्यवहार गर्छन् ।

३३ तर एक जना **सामरी** (एक साधारन र सामन्य मानिस, धार्मिक नभएको)त्यसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो । र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरुमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गऱ्यो । भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, यिनको हेरचाह गर र अरु बढी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु । येशूले सोध्नुभयो, तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरुका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो ?

३७ र तिनले भने, त्यो जसले ऊ माथि दया देखायो । त्यस पछि येशूले तिनलाई भन्नुभयो, तिमी पनि जाऊ र त्यस्तै गर ।

त्यो महान् आज्ञालाई पालन गऱ्यौं भने मात्र हामीले पनि त्यो महान् ...लाई पूरा गर्नेछौं . . . आफैलाई जस्तै छिमेकिलाई प्रेम गर ।

- १ यूहन्ना ४:७–८ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ । प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।

- त्यस सामरी त्यो मानिसबाट तर्किएर गएन । त्यस घाँइते मानिस जो सडकको किनारमा थियो ऊ त्यस सामरीका लागि उसको मिसन, समय र पैँसा भन्दा पनि ज्यादा महत्वपूर्ण र ज्यादा मूल्यवान् थियो ।

येशू **प्रेमको शक्तिद्धारा** उत्प्रेरित र चलाइएको थियो ।
उहाँको जीवनद्धारा प्रेमको प्रदर्शन र घोषणा गरिएको थियो
मानिसहरुको अद्भुत मूल्यको गवाही दिँदै !

लूका २:४९ के म आफ्नो पिताको घरमा हुनुपर्छ भन्ने तपाईलाई थाहा थिएन ? प्रेमको शक्तिद्धारा उत्प्रेरित र चलाईएको

लूका ४:४३ मैले परमेश्वरको राज्यको सुसमाचार अरु सहरहरुमा पनि सुनाउनैपर्छ, किनकि म यसैको निम्ति पठाइएको हुँ । प्रेमको शक्तिद्धारा उत्प्रेरित र चलाईएको

यूहन्ना ४:४–३० अब उहाँ सामरीया हुँदैजानु पर्ने थियो . . . प्रेमले यस स्त्रीको जीवनलाई पूर्ण रुपमा परिवर्तन गरि दियो र उनलाई विश्वासी र प्रचारक बनायो ।

यूहन्ना १०:१६ मेरा अरु भेडा छन्, जो यस गोठका होइनन् । तिनीहरुलाई पति मैले ल्याउनुपरेको छ, र तिनीहरुले मेरो सोर सुन्नेछन्, र तिनीहरु एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ । प्रेमको शक्तिद्धारा उत्प्रेरित र चलाईएको भएकोले गर्दा उनी तर्किएर जान सकेनन् ।

मत्ती ४:२३ अनि येशू तिनीहरुका सभाघरहरुमा सिकाउँदै राज्यको सुसमाचार प्रचार गर्दै, र मानिसहरुमा भएका हरेक किसिमका रोग र शरीरिक दुर्बलता निको पार्दै सारा गालीलभरि घुम्नुभयो ।

प्रेमको शक्तिद्धारा उत्प्रेरित र चलाईएको भएकोले गर्दा उनी तर्किएर
जान सकेनन् ।

मत्ती ९:३५–३८येशू समस्त शहरहरु र गाउँहरुतिर तिनीहरुधका सभाघरहरुमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरु निको पार्दै हिँड्नुभयो । तर भीडहरुलाई देखेर उहाँको हृदय तिनीहरुका निम्ति दयाले भरियो । किनभने तिनीहरु गोठालाविनाका भेडाहरुजस्तै हैरान र असहाय भएका थिए । तब उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो, फसल प्रशस्त छ, तर खेतालाहरु थोरै छन् ।

यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरु पठाइदेऊन् । प्रेमको शक्तिद्धारा उत्प्रेरित र चलाईएको

मत्ती १५:३२ तब येशूले आफ्ना चेलाहरुलाई आफूकहाँ बोलाएर भन्नुभयो, म यस भिडलाई टिठयाउँछु, किनभने यिनीहरु मसँग रहेका  आज तीन दिन भयो, अनि यिनीहरुसित खानलाई केही छैन । यिनीहरुलाई भोकै पठाउन म चाहन्नँ । नत्रता तिनीहरु बाटोमा लखतरान होलान् ।

मानिसहरु प्रतिको उनको प्रेम र दयाले उनलाई, कार्य गर्न उत्प्रेरित गऱ्यो –> र उनलाई मिसन दियो : हराएकाहरुलाई खोज्न र बचाउँन ।

लूका ८:१–३...त्यस पछि उहाँ शहर शहर र गाउँ गाउँ हुँदो प्रचार गर्दै र परमेश्वरका राज्यको सुसमाचार सुनाउँदै भ्रमण गर्न लाग्नुभयो । उहाँसँग बाह्रै जना चेलाहरु थिए । कतिपय, स्त्रीहरु पनि उहाँका साथमा थिए, जो दुष्टात्मा र रोगहरुबाट निको भएका थिए । यिनीहरु थिए : मरियम मग्दलिनी भन्ने मरियम, जसबाट सातओटा भूत निस्केका थिए, हेरोदका कारिन्दा खुजासकी पत्नी योअन्ना, र सुसन्ना । यिनीहरु र अरुहरुले आफ्ना धनले उहाँको सेवा गर्दथे ।

- **प्रेमले उनीहरुको जीवनलाई पूर्ण रुपमा परिवर्तन गरिदियो**, उनीहरुलाई निको पाऱ्यो र उनीहरुलाई स्वतन्त्र गऱ्यो । उनीहरुले आफ्नो समय र पैँसा दिए र हरेक दिन येशूलाई पछ्याउँथे ।
- जब येशूलाई क्रूसमा टाँगेको थियो तब मरियम मग्दलिनी र **अन्य** स्त्रीहरु **पनि त्यही थिए** । **किनकि उहाँले उनीहरुलाई प्रेम गर्नुहुन्थ्यो ।** मत्ती २७:५६
- जब योसेफले येशूको शरीरलाई आफ्नो चिहानमा लग्यो र चिहानलाई बन्द गर्न ठूलो ढुङ्गा गुडाइदिए . . . मरियम मग्दलिनी **त्यही थिइन्** मत्ती २७:६१
- रिमरिम उज्यालो भएको बेला मरियम मग्दलिनी र अर्को मरियम **पनि थिइन्** जब भुकम्प आयो र स्वर्ग दूतले ढुङ्गा हटाउँनु भएर उनीहरुको **सामु प्रकट हुनुभयो** र उहाँ जीवित भई उठ्नु भई सक्यो भनि घोषणा गर्नुभयो । जसै उनीहरु यस खुशीको खबर चेलाहरुलाई सुनाउँनका लागि दगुर्दै थिए **येशू प्रकट हुनुभयो र उनीहरुसँग बोल्नुभयो** । मत्ती २८:१–१० उनीहरु **नै पहिलो** व्यक्तिहरु थिए जसले पुनरुत्थान भएको येशूलाई देखेका थिए ।

यर्मिया २९:१३–१४ जब तिमीहरुले **आफ्ना सारा हृदयले मलाई खोज्नेछौ**, तब तिमीहरुले मलाई **खोजेर पाउनेछौ** ।

केवल प्रेमले मात्र तपाईलाई तपाईको हृदय देखि नै उहाँलाई खोज्न बाध्य गराउँन सक्छ

- उनीहरु नै पुनरुत्थान पछिको **पहिलो मिसनरीहरु थिए,** अरुहरुलाई सुसाचार सुनाउँने कार्यमा आज्ञा पाएकाहरु थिए । उनीहरुले यो सौभग्य पाए किनभने उनीहरुमा त्यो महान् जुनुन् थियो र **प्रभुसँग सधैं रहिरहने प्रायस गरिरहन्थ्यो । उनीहरुले उहाँलाई प्रेम गर्थे ! किन** ??
- लूका ७:४७ यसकारण म तिमीहरु भन्दछु, यसका पाप, जो धेरै छन्, क्षमा भएका छन्, किनकि यस स्त्रीले बढी प्रेम देखाई । तर  जसलाई थोरै क्षमा गरिन्छ, त्यसले थोरै प्रेम गर्दछ ।
- बाकिँ रहेका चेलाहरु चाहिँ डरले लुकेर बसिरहेका थिए : सिद्ध प्रेमले डरलाई हटाउँछ . . र जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन । १ यूहन्ना ४:१८
- जति धेरै मानिसहरुले **प्रेमलाई दया, वास्ता, चंगाईद्धारा अनुभव** गर्छन् र अनन्तको लागि उनीहरुको पाप क्षमा भएको छ भन्ने बारे थाहा पाउँछन् (२ कोरिन्थी ५:१९) त्यति नै धेरै उनीहरु मरियम मग्दलिनी र अरुहरु जस्तै गरी परिवर्तन हुन्छन् ।

**प्रेमले** उनीहरुलाई **कार्य** गरायो र उनीहरुलाई **मिसन** दियो

उदाहरणहरु जारी छन् :

लूका १९:५–८ येशू मिसनमा हुनुहुन्थ्यो यरीहोबाट भएर जाँदा प्रेम प्रवेश गऱ्यो र यरीहोको जीवनलाई पूर्ण रुपमा परिवर्तन गरी दियो । प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु । आज यस घरमा मुक्ति आएको छ, किनकि तिनी पनि अब्राहामका छोरा हुन् । किनभने मानिसको पुत्र हराएकाहरुलाई खोज्न र बचाउन आएको हो ।

- प्रेम कहिले पनि असफल हुँदैन । प्रेम एकमात्र यस्तो प्रेरणा हो जसले मानिसको जीवनलाई पूर्णरुपमा परिवर्तन गर्न सक्छ ।

- १ यूहन्ना ४:७–८ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ । प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।

१ पत्रुस ४:८ **सबैभन्दा बढी एउटा अर्काप्रति तिमीहरुको प्रेम अटूट रहोस्** । किनकि **प्रेमले नै असख्य पापहरु ढाक्तछ ।**

मत्ती १८:२१–२२ तब उहाँ कहाँ आएर पत्रुसले भने, प्रभु, मेरा भाइले कति पल्ट मेरो विरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने ? के सात पल्टसम्म ? येशूले तिनलाई भन्नुभयो, ... सत्तरी गुणा सात पल्ट ।

हितोपदेश १०:१२ घृणाले कलह उत्पन्न गराउँछ, तर **प्रेमले सबै कुकर्महरुका ढाकिदिन्छ**

हितोपदेश १७:९ चित्त दुखाइलाई ढाकछोप गर्नेले प्रेम बढाउँछ, तर कुरा दोहोऱ्याउने जोसुकैले पनि घनिष्ठ मित्रहरुमा फाटो ल्याउँछ ।

गलाती ५:६ खीष्ट येशूमा नता खतना केही मूल्यको न बेखतना केही मूल्यको हुन्छ । जसै प्रेम बढ्दै जान्छ .. विश्वास पनि बढ्छ ।

## मानिसका लागि मात्र

एफिसी ५:२५ पति हो, आफ्ना पत्नीहरुलाई प्रेम गर, जसरी खीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो

एफिसी ५: २८–२९ त्यसरी नै पतिहरुले पनि आ आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ । आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ । किनकि कुनै मानिस कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन (श्रीमन् र श्रीमति एउटै शरीर हुन्) तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी खीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ (शाब्दीक अर्थमा : बोलाइएकाहरु)

एफिसी ५: ३३ जे भए पनि तिमीहरु हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्नो पतिको आदर गरोस् ।

१ कोरिन्थी १६:१३ सतर्क रहो, विश्वासमा दृढ भइरहो । साहसिलो र सामर्थी बन । जे गर्छौ ती सबै प्रेममा गरिएका होऊन् ।

गलाती ५:१३–१५ भाइ हो, तिमीहरु त स्वतन्त्रताको निम्ति बोलाइएका हौ । केवल त्यस स्वतन्त्रतालाई पापमय स्वभावको निम्ति प्रयोग नगर । तर प्रेममा तिमीहरु एक अर्काको सेवक बन । किनभने समस्त व्यवस्था एउटै वचनमा पुरा भएको छ, तैले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर । तर तिमीहरु एउटाले अर्कालाई टोक्ने र निल्ने गर्छौ भनेता होशियार गर, तिमीहरु एक अर्काबाट नै खतम हुनु नपरोस् ।

१ कोरिन्थी १३:१३ अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो ।

एफिसी ५:१–२ यसकारण तिमीहरु प्रिय बालकहरुझैं परमेश्वरको देखासिकी गर्नेहरु होओ । तिमीहरु प्रेममा चल, जसरी खीष्टले पनि हामीहसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अपर्ण गर्नुभयो ।

हिब्रू १०:२४ हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं ।

येशूका शव्दहरु अनुसार “कसरी” आफ्नो शत्रुलाई प्रेम गर्ने

मत्ती ५:३९–४८ तर म तिमीहरुलाई भन्दछु दुष्टको मुकाविला नगर । जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ । यदि कोही मानिसको मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल । यदि कसैले तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुई किलोमिटर गाइदेऊ । तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर । तिमीहरुले यसो भनेको सुनेका छौ, तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर । तर म तिमीहरुलाई भन्दछु, आफ्नो शत्रुलाई प्रेम गर, र तिमीहरुलाई सताउनेहरुका निम्ति प्रार्थना गर  र तिमीहरु स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरु हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुबैलाई वृष्टि दिनुहुन्छ । किनभने यदि तिमीहरुसँग प्रेम गर्नेहरुलाई मात्र प्रेम गर्छौ भने तिमीहरुलाई के इनाम छ ? के महसूल उठाउनेहरुले पनि त्यसै गर्दैनन् र ? तिमीहरुले आफ्नो दाज्यू भाइहरुलाई मात्र अभिवादन गर्छौ भने अरुहरुले भन्दा बढी के गऱ्यौ र ? के अन्यजातिहरुले पनि त्यस्तै गर्दैनन् र ? यसकारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ । (वा मानसिक र नैतिक चरित्रमा पूर्ण भएको) जसै तिम्रो स्वर्गीय पिता सिद्ध हुनुहुन्छ ।

१ कोरिन्थी १३:१–८ मैले मानिसहरु र स्वर्गदूतहरुको भाषामा बोले तापनि ममा प्रेम छैन भने, म हल्ला मचाउने घण्टे र झ्याइँ झ्याइँ गर्ने झ्याली मात्र हुन्छु । मसँग अगमवाणी बोल्ने शक्ति होला, र सबै रहस्य र सबै ज्ञानहरु बुझ्न सकूँला, र पहाडहरु हटाउन सक्नेसम्मको सम्पूर्ण विश्वास मसित होला, तर  ममा प्रेमचाहिँ छैन भने म केही पनि होइनँ । यदि मैले सारा सम्पत्ति बाँडिदिएँ र मेरो शरीर जलाउनलाई दिइहाले तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन । प्रेम सहनशील हुन्छ र दयालु हुन्छ । प्रेमले डाह गर्दैन, न शेखी गर्छ । प्रेम हठी हुँदैन, न ढीट हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, (गलत भावनाहरु वा कार्यहरुको मिसाइदैन) खराबीको हिसाब राख्दैन । प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ । प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ । प्रेमको कहिल्यै अन्त हुँदैन । अगमवाणीहरु बितेर जानेछन्, भाषाहरु बन्द हुनेछन्, ज्ञान टलिजानेछ ।

## प्रेम कहिले पनि असफल हुँदैन

एफिसी ३:१४–१९ यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ । म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरुलाई शक्तिशाली पारुन् र विश्वासद्वारा खीष्ट तिमीहरुका हृदयमा वास गरुन् र प्रेममा जरा गाडिएका र दह्रिला भएर, सबै सन्तहरुसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सब, र ज्ञानलाई माथ गर्ने खीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरु भरिपूर्ण होओ ।

## परमेश्वर प्रेम हुनुहुन्छ

१ यूहन्ना ४:७–८ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौँ, किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ । प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।